# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं.०७७ /०७८
च.नं. ४३६

मिति २०७७०५।१७

## बुटवल उपमहानगरपालिकाको सूचना ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरना) संक्रमण नेपालमा पनि तिब्र रुपमा बढीरहेको अवश्थामा रुपन्देही जिल्लामा ५०० भन्दा बढी सकिय संक्रमित रहेको अवश्था छ । बुटवलमा हिजो सम्म कुल ३३४ जना संकमित भैसकेकोले समुदायस्तरमा संक्रमण फैलिन सक्ने उच्च जोखिम रहेको छ । आजै देखि शुरु भएको पितृपुजन (सोह्रश्राद्ध) लगायत अन्य चाडपर्व तथा धार्मिक संस्कारहरु धार्मिक विधि पनि पालना हुने र संक्रमण जोखिम पनि नरहने गरी देहाय बमोजिम गर्नु गराउनु भै सुरक्षित रहनु हुन सम्पुर्ण आदरणीय नगरवासीहरुमा हार्दिक अनुरोध छ ।

१. पितृपूजन कार्यमा आफन्त छरछिमेकी , बन्धुबान्धवलाई आमन्त्रण नगरी एकाघरका परिवारका सदस्यहरु मात्र सहभागी हुने ।

२. एक जना पुरोहित सोह्र श्राद्ध कार्यमा एकै दिनमा धेरै जनाको घरमा गई सोह्रश्राद्ध गराउने प्रचलन रहेकोमा यस पटक विशेष परिस्थितिका कारण यथासक्य बैकल्पिक तरीकाले विद्युतीय तथा अन्य बैकल्पिक माध्यमबाट सोह्र श्राद्ध गर्ने/गराउने व्यवश्था मिलाउने ।

३. महामारीको समयमा पनि परम्परागत संस्कार , संस्कृति, धर्म, पुजाआरधना जस्ता कार्यहरुको जगेर्ना गर्ने हामी सबै नगरवासीको परम कर्तव्य भएकाले तोकिए कै तिथिमा गर्नु पर्ने सोह्रश्राद्ध कार्यमा यस पटक बैकल्पीक विधि अपनाउन सकिने भएकाले गुरु पूरोहितहरुले समेत यस विषम् परिस्थितिमा प्रविधिको उच्चतम् प्रयोग गरी समय मै आफ्ना यजमानहरु संग परामर्श गरी सोही बमोजिम तयार रहनका लागि जानकारी गराउने ।

४.जन्म, न्वारन, विवाह, मृत्य लगायतका संस्कार गर्दा न्युनतम संख्या मात्रै सावधानीका साथ सामेल हुने व्यवश्था मिलाउने ।

चक्रपाणी शर्मा
**चक्रपाणी शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**